# त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय
## स्नातक तह प्रथम वर्षको भर्ना कार्यक्रम
## शैक्षिक वर्ष २०८१/०८२

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय, व्यवस्थापन संकाय, शिक्षाशास्त्र संकाय र विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका क्याम्पसहरुमा शैक्षिक वर्ष २०८१/०८२ को वार्षिक प्रणालीका लागि स्नातक तह प्रथम वर्षमा नयाँ विद्यार्थी भर्ना निम्नानुसार हुने भएकोले सम्बन्धित सबै संकाय/अध्ययन संस्थान, क्याम्पस तथा विद्यार्थीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यक्रम :

१. आवेदन फाराम वितरण र बुझाउने : २०८१ साउन २८ गतेदेखि भाद्र मसान्तसम्म
२. प्रवेश परीक्षा तथा भर्ना सम्बन्धी अन्य विस्तृत जानकारी : डीनको कार्यालयले निर्धारण गरे अनुसार
३. कक्षा संचालन : २०८१ असोजदेखि
४. अन्तिम परीक्षा फाराम भराउने : २०८२ बैशाख
५. कक्षा समाप्त हुने मिति : २०८२ जेठ
६. अन्तिम परीक्षा संचालन : २०८२ असार
७. नतिजा प्रकाशन : २०८२ असोज
८. विद्यार्थीले प्रवेश चाहेको प्रत्येक संकाय/अध्ययन संस्थान र विषय अनुसार क्याम्पसमा बेग्लाबेग्लै आवेदन फाराम बुझाउनु पर्नेछ ।
९. आवेदन दिंदा फारामसँगै हालसालै खिचेको र ट्रान्सक्रृप्ट तथा चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बुझाउनु पर्नेछ ।
१०. विस्तृत जानकारी सम्बन्धित डीन कार्यालयहरु र क्याम्पसबाट प्राप्त गर्न सकिनेछ ।

**पुनश्च :** प्रकाशित शैक्षिक तालिका अनुसार विद्यार्थी भर्ना, कक्षा संचालन र परीक्षा संचालन समेत गर्न गराउन सम्बन्धित निकायहरुलाई जानकारी गराउने ।

**शिक्षाध्यक्ष**

**TRIBHUVAN UNIVERSITY**
त्रिभुवन विश्वविद्यालय

# Prithvi Narayan Campus
# पृथ्वीनारायण क्याम्पस

(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

## (शैक्षिक प्रशासन शाखा)

मिति : २०८१।४।२७

शैक्षिक सत्र २०८१ (२०२४)

## स्नातक तह प्रथम वर्षको भर्ना सम्बन्धी सूचना

यस क्याम्पसको मानविकी तथा सामाजिक शास्त्र सङ्काय, व्यवस्थापन सङ्काय, र शिक्षाशास्त्र सङ्कायतर्फ शैक्षिक सत्र २०८१(२०२४) का लागि स्नातक तह (B.A./B.B.S./B.Ed.) प्रथम वर्षमा भर्ना खुलेको हुंदा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. भर्ना शुल्क :

| क्र.सं. | सङ्काय | शैक्षिक कार्यक्रम | शिफ्ट | भर्ना शुल्क | कार्यालय कोठा नं. |
|---|---|---|---|---|---|
| १ | मानविकी | बि.ए. | प्रातः | रु. १०८००।– | ९ |
| २ | व्यवस्थापन | बि.बि.एस. | प्रातः | रु. १०३००।– | ११ |
| ३ | शिक्षा | बि.एड. | प्रातः | रु. १०८००।– | ८ |
| ४ | शिक्षा | बि.एड. | दिवा | रु. ९८००।– | ८ |

उल्लेखित भर्ना शुल्कमा परीक्षा शुल्क र प्रयोगात्मक परीक्षा शुल्क समावेश गरिएको छैन ।

ख. भर्ना हुने अन्तिम मिति : मिति २०८१ भाद्र मसान्तसम्म । त्यसपश्चात भर्ना हुंदा विलम्व शुल्क लाग्नेछ ।

ग. कक्षा सञ्चालन मिति : मिति २०८१ आश्विन १ गतेदेखि ।

घ. बि.ए. र बि.बि.एस. मा भर्ना हुन कक्षा १२ को ट्रान्स्कृप्ट प्रमाणपत्रमा न्यूनतम D Grade र बि.एड. मा भर्ना हुन समग्रमा ग्रेड पोइन्ट २.०१ देखि माथि C⁺ प्राप्त गरेको हुनुपर्नेछ । दश जोड दुई वा सो सरहको तहमा कम्तीमा दोस्रो श्रेणीमा उत्तीर्ण भएको हुनुपर्नेछ ।

ङ. विदेशी शैक्षिक संस्था वा विश्वविद्यालयवाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरवाट समकक्षता प्राप्त गरेको कागजात पेश गर्नुपर्नेछ ।

च. भर्ना हुन आउदा SEE र कक्षा ११ र १२ को ट्रान्स्कृप्ट, प्रोविजनल, माइग्रेसन र चारित्रिक प्रमाणपत्रहरुको २,२ प्रति प्रतिलिपीहरुसहित सक्कल माईग्रेसन प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

छ. हालसालै खिचेको पासपोर्ट साइजको रंगिन ५ प्रति फोटोहरु ल्याउनुपर्नेछ ।

ज. जनरल बि.एस्सी. को भर्ना प्रवेश परीक्षाको नतिजा प्रकाशन पश्चात मात्र हुनेछ । प्रवेश परीक्षा फारम अनलाइन http://iost.tu.edu.np लग इन गरि भर्नुपर्नेछ ।

.............................
मीनराज लम्साल
नि. क्याम्पस प्रमुख

बोधार्थ : श्री सूचना प्रविधि

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय

# Prithvi Narayan Campus
# पृथ्वीनारायण क्याम्पस

(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

**(शैक्षिक प्रशासन शाखा)**

मिति : २०८१।४।२८

## भर्ना शुल्क संसोधन गरिएको सूचना

यस क्याम्पसवाट मिति २०८०।४।२७ गते प्रकाशित शैक्षिक सत्र २०८१ (२०२४) अन्तर्गत स्नातक तह प्रथम वर्षको भर्ना सूचनामा परीक्षा शुल्क समेतको एकमुष्ट भर्ना शुल्क हुनुपर्नेमा अन्यथा भएकोले संसोधन गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि सूचित गरिन्छ ।

| क्र.सं. | सङ्काय | शैक्षिक कार्यक्रम | शिफ्ट | संसोधित भर्ना शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | मानविकी | बि.ए. | प्रातः | रु. ११४३०।– | परीक्षा शुल्क रु. ६३०।– समावेस गरिएको । |
| २ | व्यवस्थापन | बि.बि.एस. | प्रातः | रु. १०६३०।– | |
| ३ | शिक्षा | बि.एड. | प्रातः | रु. ११४३०।– | |
| ४ | शिक्षा | बि.एड. | दिवा | रु. १०४३०।– | |

उल्लेखित भर्ना शुल्कमा प्रयोगात्मक विषयको परीक्षा शुल्क समावेश गरिएको छैन ।

.................................
प्रा. डा. सरोज कोइराला
क्याम्पस प्रमुख

बोधार्थ : श्री आर्थिक प्रशासन शाखा, पृ. ना. क्याम्पस, पोखरा ।
श्री सूचना प्रविधि इकाई, पृ. ना. क्याम्पस, पोखरा ।